त्रिभुवन विश्वविद्यालय
कानून संकाय
डीनको कार्यालय, प्रदर्शनीमार्ग, काठमाडौं ।

# एलएल.एम प्रवेश परीक्षा २०७९/०८० को लागि Online आवेदन फाराम भर्ने सम्बन्धी सूचना

त्रिभुवन विश्वविद्यालय, कानून संकाय डीनको कार्यालय अन्तर्गतका आङ्गिक क्याम्पस नेपाल ल क्याम्पस, प्रदर्शनीमार्ग र त्रि.वि.बाट सम्बन्धन प्राप्त नेशनल ल कलेज, सानेपाका लागि शैक्षिक सत्र २०७९/०८० को सिमेष्टर प्रणालीमा एलएल.एम् कार्यक्रमको प्रथम सिमेष्टरमा नयाँ विद्यार्थी भर्ना लिन आवश्यक न्यूनतम शैक्षिक योग्यता पुगेका परीक्षार्थीहरुका लागि Online आवेदन माग गरिएको छ। आवेदकले Online आवेदन फाराम भर्दा तोकिएको ढाँचाको आवेदन फाराम साथ आफनो शैक्षिक योग्यताको लब्धाङ्कपत्र, नागरिकताको प्रमाणपत्र, समकक्षता निर्धारणको प्रमाणपत्र (Equivalance Certificate), विभिन्न कोटामा दावी गर्ने आवेदकहरुले सम्बन्धित कोटा दावी गर्न आवश्यक पर्ने कागजात, सिफारिसपत्र, हालसालै खिचेको दुबै कान स्पष्ट देखिने पासपोर्ट साइजको फोटो - १ (एक) प्रति र आवेदकले सादा कागजमा गरेको हस्ताक्षरको नमुना अनिवार्य रुपमा प्रबिष्ट गर्नु पर्नेछ।

१) **आवश्यक न्यूनतम शैक्षिक योग्यता:** प्रवेश परीक्षा फाराम भर्ने अन्तिम मितिसम्ममा कानून स्नातक तह उत्तिर्ण गरी सकेको हुनु पर्नेछ।

२) **प्रवेश परीक्षा शुल्क:** आवेदकले प्रवेश परीक्षा शुल्क बापत रु. १६००/- (अक्षेरुपी: एक हजार छ सय)। आवेदन भर्ने स्थानमा रहेको e-sewa, Khalti र Connect IPS को माध्यमबाट जम्मा गर्न सक्नेछन्। रकम दाखिला गर्दा आवेदक स्वयम्को पुरा नाम र मोबाइल नम्बर अनिवार्य उल्लेख हुनुपर्ने छ। **एकै मोबाइल नम्बरमा एक भन्दा बढी आवेदकको नाममा रकम जम्मा गर्न पाइने छैन।**

३) **आवेदन फाराम उपलब्ध हुने स्थान:** Online आवेदन फाराम त्रि.वि. कानून संकायको वेभसाइट www.fol.edu.np मा वा entrance.fol.edu.np मा उपलब्ध हुनेछ। उक्त वेभसाइटमा भरिएको फाराम रुजू भए नभएको एकिन गर्न www.entrance.fol.edu.np को Check your status मा हेर्न सकिनेछ।



डीन
कानून संकाय

४) **आवेदन फाराम भर्ने अवधि:** मिति २०८० चैत्र १४ गते बुधबारदेखि २०८१ वैशाख ०४ गते मंगलबार राती १२:०० बजे सम्म र दोब्बर दस्तुर तिरी २०८१ वैशाख ०५ गते बुधबार देखि २०८१ वैशाख ११ गते मंगलबार राती १२:०० बजे सम्म ।

५) **प्रवेश पत्र प्राप्त गर्न सकिने:** प्राप्त परीक्षा मिति अगावै डीन कार्यालयको सूचना मार्फत प्रवेश पत्र आवेदन भर्ने मिति समाप्त भएपछि मिति २०८१।०१।१६ गते विहान ११:०० बजेदेखि www.entrance.fol.edu.np मार्फत Check your status बाट download गर्न सकिनेछ ।

६) **प्रवेश परीक्षा हुने मिति र समय:** मिति २०८१ साल बैशाख २२ गते शनिबार बिहान ११:०० बजेदेखि २:०० बजेसम्म ।

७) **प्रवेश परीक्षाको परीक्षा केन्द्र:** पछि प्रकाशित गरिनेछ ।

८) क) एलएल.एम.कार्यक्रममा त्रि.वि. सिमेष्टर प्रणाली सञ्चालन विनियम, २०७४ र त्रि.वि. अन्तर्गतका आङ्गिक क्याम्पसमा आरक्षण सम्बन्धि सिटमा भर्ना गर्ने सम्बन्धि विनियम, २०७४ बमोजिम विपन्न वर्गका लागि आरक्षित स्थान सहित दिवा समूहको एलएल.एम. (चार सिमेष्टर) कार्यक्रममा त्रि. वि. को आंगिक क्याम्पस नेपाल ल क्याम्पस, काठमाडौं तथा सम्बन्धन प्राप्त क्याम्पस नेशनल ल कलेज, ललितपुरमा ५०/५० जना तथा बिहानी समूहको एलएल.एम. (छ सिमेष्टर) कार्यक्रममा नेपाल ल क्याम्पस, काठमाडौंमा मात्र ५० जनाको एक समूहमा प्रवेश परीक्षाको योग्यताक्रम (Merit List) को आधारमा मात्र भर्ना लिइनेछ ।

**ख)** कुनै विदेशी विद्यार्थी स्नातकोत्तर तहमा अध्ययन गर्न चाहेमा खुला प्रतिस्पर्धाका आधारमा स्वदेशी विद्यार्थी सरह सोही प्रवेश परीक्षामा सामेल भई योग्यताक्रमभित्र परेमा निर्धारित सिट संख्याको ५% मा नबढ्नेगरी तोकिएको शुल्क लिई सम्बन्धित क्याम्पसले भर्ना गर्न सक्नेछ ।

९) प्रवेश परीक्षा विधिशास्त्र विषयमा मात्र लिइने भएको हुनाले कानून स्नातक तहको विधिशास्त्रको पाठ्यक्रम नै प्रवेश परीक्षाको पाठ्यक्रम हुनेछ ।

१०) प्रवेश परीक्षामा कूल पूर्णाङ्क १०० को अंकभार देहाय बमोजिम रहनेछ ।

| क्र.सं. | प्रश्नको प्रकृति | प्रश्न संख्या तथा अंकभार | जम्मा अंकभार |
|---|---|---|---|
| १. | वस्तुगत बहुत्तर प्रश्नहरु (Objective Questions-MCQ) | ५०×१ | ५० |

त्रिभुवन विश्वविद्यालय कानून संकाय डीनको कार्यालय



डीन
कानून संकाय

| | | | |
|---|---|---|---|
| २. | विषयगत लामो उत्तर प्रश्न | १×२० | २० |
| ३. | विषयगत छोटो उत्तर प्रश्न | २×५ | १० |
| ४. | रचनात्मक लेख (Creative Writing) | १×२० | २० |
| | | **जम्मा पूर्णाङ्क** | **१००** |

११) एलएल.एम कार्यक्रममा तपसील बमोजिमका ऐच्छिक विषयहरु मध्ये क्याम्पसले अध्ययन गराउने कुनै दुई ऐच्छिक विषय अध्ययन गर्नु पर्ने भएकाले प्रवेश परीक्षा फारम भर्ने समयमा नै आफुले अध्ययन गर्न चाहेको कुनै दुई ऐच्छिक विषय छनौट गर्नु पर्नेछ । तर कुनै ऐच्छिक विषय अध्ययन गर्ने विद्यार्थीको संख्या पाँचभन्दा कम भएमा उक्त विषयको पठन पाठन हुने छैन । सो अवस्थामा अन्य ऐच्छिक विषय लिई अध्ययन गर्नु पर्ने भएकोले प्रवेश परीक्षा फारम भर्दाका बखत्मा आफनो रुचीका आधारमा ऐच्छिक विषयमा १ देखि ५ नम्बरसम्म प्राथमिकताक्रम निर्धारण गर्नु पर्नेछ, सो प्राथमिकता क्रमका आधारमा ऐच्छिक बिषय तोकिने छ । प्रवेश परीक्षा फारममा आफूले तोकेको प्राथमिकताको क्रम भन्दा बाहिर गई बिषय छनौट गर्न पाईने छैन ।

**जस्तै उदाहरणका लागि** 'क' भन्ने परीक्षार्थीले १ र २ नम्बर प्राथमिकतामा राखेको बिषय मध्ये प्राथमिकता नम्बर १ को बिषय पढाई नहुने २ कोमात्र हुने भएमा १ को सट्टा प्राथमिकता नम्बर २ र ३ का बिषयहरु अध्ययन गर्नु पर्नेछ ।

| **ऐच्छिक विषयहरु:** | **प्राथमिकता क्रम** |
|---|---|
| (क) संवैधानिक कानून | १ |
| (ख) अन्तर्राष्ट्रिय कानून | ३ |
| (ग) वाणिज्य कानून | ५ |
| (घ) फौजदारी कानून | ४ |
| (ङ) वातावरणीय कानून | २ |

१२) सम्बन्धित क्याम्पसहरुले भर्नाका लागि तोकेको मितिभित्र सम्पर्कमा आएका योग्यताक्रम (Merit List) मा रहेका विद्यार्थीहरु मध्येबाट आफूले भर्ना गर्न पाउने जम्मा सिटसंख्या मध्ये निम्नलिखित वर्गहरुका लागि छुट्याईएका देहायका स्थानमा सम्बन्धित वर्गका परीक्षार्थीहरु बिचको प्रतिस्पर्धाको आधारमा योग्यताक्रम अनुसार भर्ना लिनु



डीन
कानून संकाय

पर्नेछ । आरक्षित कोटा २० प्रतिशतलाई शतप्रतिशत मानी निम्न बमोजिम कोटा निर्धारण गरिएको छ । साथै त्रिभुवन विश्वविद्यालय सेवामा कार्यरत स्थायी शिक्षक, कर्मचारीका छोराछोरीहरुलाई अध्ययन संस्थान र संकाय अन्तर्गत आङ्गिक क्याम्पसमा अध्ययन गर्न स्नातक तथा स्नातकोत्तर तहका प्रत्येक शैक्षिक कार्यक्रममा भर्नाको लागि सुरक्षीत दुई स्थानलाई ८०% भित्र रहेको मानिने छ ।

तर वर्गीकृत समूहमा भर्नाका लागि न्यूनतम ४०% अंक प्राप्त गरेका योग्य उम्मेदवार नभएमा योग्यताक्रममा रहेका अन्य विद्यार्थी भर्ना लिनु पर्नेछ ।

| **विपन्न समुदाय** | **चार सिमेष्टर (५० जनाको दिवा) समुह आरक्षीत सिट संख्या प्रति क्याम्पस** | **छ सिमेष्टर समुह ( ५० जनाको प्रातः) समुह आरक्षीत सिट संख्या नेपाल ल क्याम्पस** |
|---|---|---|
| क) महिला | २ (दुई) | २ (दुई) |
| ख) आदिवासी/जनजाति | २ (दुई) | २ (दुई) |
| ग) मधेशी | १ (एक) | १ (एक) |
| घ) दलित | १ (एक) | १ (एक) |
| ङ) अपाङ्गता भएका व्यक्ति | १ (एक) | १ (एक) |
| च) पिछडिएको दुर्गम क्षेत्र | १ (एक) | १ (एक) |
| छ) मुश्लीम | १ (एक) | १ (एक) |
| ज) थारु | १ (एक) | १ (एक) |
| झ) अन्य (लैङ्गिक तथा यौनिक अल्पसंख्यक र आर्थिक रुपले विपन्न खस आर्य) | १ (एक) | १ (एक) |
| ञ) त्रि.वि. सेवामा कार्यरत स्थायी शिक्षक/कर्मचारीका छोरा/छोरी | १ (एक) | १ (एक) |
| **जम्मा** | **१२ (बाह्र)** | **१२ (बाह्र)** |

त्रिभुवन विश्वविद्यालय कानून संकाय डीनको कार्यालय

डीन
कानून संकाय

स्पष्टिकरण १ : परिभाषा

- **"अन्य"** भन्नाले अल्पसंख्यक, सिमान्तकृत, पिछडा वर्ग, लैङ्गिक तथा यौनिक अल्पसंख्यक र आर्थिक रुपले विपन्न खस आर्यलाई जनाउँछ ।
- **"विपन्न खस आर्य"** भन्नाले सम्बन्धित जिल्ला प्रशासन कार्यालयले विपन्न खस आर्य हो भनि सिफारिस वा प्रमाणित गरेको विपन्न खस आर्यलाई जनाउँछ ।
- **"खस आर्य"** भन्नाले क्षेत्री, ब्राम्हण, ठकुरी, सन्यासी (दसनामी) समुदायलाई जनाउँछ ।
- **"पिछडिएको दुर्गम क्षेत्र"** भन्नाले मुगु, हुम्ला, जुम्ला, कालीकोट, डोल्पा, अछाम, बझाङ्ग, बाजुरा र जाजरकोट जिल्लालाई जनाउँछ ।

**स्पष्टीकरण २: विपन्न वर्गका परीक्षार्थीले आरक्षणमा भर्ना पाउने प्राथमिकता क्रम**

- आदिवासी/जनजाति विद्यार्थीहरुका हकमा आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानद्वारा गरिएको वर्गीकरण अनुरुप प्राथमिकता क्रमको टप टु बटम (Top to Bottom) को आधारमा ।
- मधेशी विद्यार्थीहरुका हकमा पिछडिएको समुदाय जिल्ला समन्वय समिति (गठन तथा कार्यसञ्चालन) कार्यविधि, २०७१ को अनुसुचीको वर्गिकरणमा परेका विद्यार्थीहरुलाई अन्य मधेसी भन्दा पहिलो प्राथमिकताका आधारमा ।
- अपाङ्गता भएका विद्यार्थीहरु मध्ये छनौट गर्नु पर्दा निलो, पहेलो र सेतो परिचय पत्र अनुसार प्राथमिकताका आधारमा ।
- "अन्य"को हकमा अल्पसंख्यक, सिमान्तकृत, पिछडावर्ग, लैङ्गिक तथा यौनिक अल्पसंख्यक र आर्थिक रुपले विपन्न खस आर्यको उत्कृष्ट अंक ल्याउनेलाई योग्यताक्रमका आधारमा भर्ना गर्नु पर्नेछ ।

**स्पष्टीकरण ३ :**

- विश्वविद्यालय सेवामा कार्यरत स्थायी शिक्षक, कर्मचारीका छोराछोरीलाई अध्ययन संस्थान र संकाय अन्तर्गत आङ्गिक क्याम्पसमा अध्ययन गर्न स्नातक तथा स्नातकोत्तर तहका प्रत्येक शैक्षिक कार्यक्रममा भर्नाको लागि दुईवटा सिटको व्यवस्था गर्नुपर्ने आधारमा ।

१३) Online आवेदन फाराम भर्दा निम्न लिखित Scan गरिएका कागजपत्रहरु क्रमबद्ध रुपमा अनिवार्य रुपमा पेश गर्नुपर्नेछः

क) हालसालै खिचेको पासपोर्ट साइजको फोटो १(एक) प्रति

ख) नेपाली नागरिकताको प्रमाण पत्र

ग) SEE/SLC वा सो सरहको परीक्षाको उर्तीण भएको लब्धाङ्क पत्र (Mark Sheet)

घ) प्रमाणपत्र तह/10+2 उर्तीण भएको लब्धाङ्क पत्र (Transcript)

त्रिभुवन विश्वविद्यालय कानून संकाय डीनको कार्यालय



डीन
कानून संकाय

ङ) प्रमाणपत्र तह/10+2 राष्ट्रिय परीक्षा बोर्ड (नेपाल सरकार) बाहेक अन्य बोर्ड बाट उत्तिर्ण भएको भएमा समकक्षता निर्धारणको प्रमाणपत्र ।

च) कानून स्नातक तह वा सो सरह उत्तीर्ण भएको ट्रान्सक्रिप्ट,।

छ) बिदेशी बिश्वविद्यालयबाट अध्ययन गरेको भए त्रि.वि.को समकक्षता प्रमाण पत्र ।

ज) कोटाहरुमा आवेदन दिन चाहेमा सम्बन्धित कोटाहरुको प्रमाणपत्र वा सिफारिस पत्र

झ) विद्यार्थी स्वयमको हस्ताक्षर

ञ) त्रि. वि. वाहेकका स्वदेशी वा विदेशी विश्वविद्यालय/शिक्षण संस्थाहरुबाट स्नातक सरह उतीर्ण परीक्षार्थीहरुले त्रि.वि.को **समकक्षता** प्रमाण-पत्र (Equivalence Certificate), सम्बन्धित विश्वविद्यालय/शिक्षण संस्थाको सक्कल **माइग्रेसन प्रमाण-पत्र** र सो को प्रमाणित प्रतिलिपि एक/एक प्रति भर्ना हुँदाका बखत सम्बन्धित क्याम्पसमा अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

ट) **त्रि.वि. संगठन तथा शैक्षिक प्रशासन नियम, २०५०, सिमेष्टर प्रणाली सञ्चालन विनियम, २०७४ र त्रि.वि. अन्तर्गतका आङ्गिक क्याम्पसमा आरक्षण सम्बन्धी सिटमा भर्ना गर्ने सम्बन्धि विनियम, २०७४** बमोजिम आरक्षण दावी गर्ने विपन्न वर्गका परीक्षार्थीहरुले निम्न बमोजिमका कागजातहरु पेश गर्नुपर्नेछ। सो बमोजिमका कागजात आवेदन फारामका साथ पेश नगर्ने परीक्षार्थीको आरक्षण कोटामा दावी लाग्ने छैन ।

अ) आरक्षण दावी गर्ने सबै समुहका विपन्न वर्गका परीक्षार्थीहरुले विपन्न वर्गको हो भन्ने स्थानिय निकायको सिफारीस पत्र, कक्षा ८, ९ र एस.एल.सी/एस.ई.ई कक्षा ११ र १२ सामुदायिक विद्यालयमा अध्ययन गरेको सम्बन्धित जिल्ला शिक्षा समन्वय इकाइको सिफारीस पत्र साथै एलएल.बी. अध्ययन गरेका परीक्षार्थीहरुको हकमा उक्त तहमा भर्ना हुँदा पेश गरेको लब्धाँक पत्र र उक्त क्याम्पस/कलेज त्रि.वि.को आँगिक क्याम्पस वा सामुदायीक क्याम्पस भएको व्यहोराको सम्बन्धीत क्याम्पसको सिफारीस पत्र ।

आ) नेपाल सरकारको छात्रवृत्ति प्राप्त गरी नेपाल भित्रका निजी स्कूल तथा कलेजमा कक्षा ८, ९, एस.एल.सी/एस.ई.ई., कक्षा ११- १२ र स्नातक तहसम्म वा सो सरह पास गरेको प्रमाण सहितको सिफारिसपत्र ।

इ) आरक्षणमा दावी गर्ने उम्मेदवारले Online application मा नै भर्ना हुन चाहेको कोटामा अनिवार्य रुपमा Click गरी निम्न बमोजिमको सिफारीस पत्र Upload गर्नु पर्नेछ ।

| क्र.सं. | आरक्षण कोटा | सिफारीस प्रदान गर्ने निकाय |
|---|---|---|
| क | अपाङ्ग | राष्ट्रिय अपाङ्ग महासंघ/सम्बन्धित जिल्ला प्रशासन कार्यालय |

त्रिभुवन विश्वविद्यालय कानून संकाय डीनको कार्यालय

डीन
कानून संकाय

| | | |
|---|---|---|
| ख | आदिबासी/जनजाती | आदिबासी/जनजाती उत्थान राष्ट्रिय प्रतिष्ठान/सम्बन्धित जिल्ला प्रशासन कार्यालय |
| ग. | दलित | राष्ट्रिय दलित आयोग/सम्बन्धित जिल्ला प्रशासन कार्यालय |
| घ | पिछडिएको दुर्गम क्षेत्र | सम्बन्धित गाउँपालिका/नगरपालिका बाट प्राप्त सिफारिसपत्र। |
| ङ | मधेसी/पिछडिएको समुदायका मधेसी | सम्बन्धित जिल्ला प्रशासन कार्यालय/पिछडिएको समुदाय हो भन्ने जिल्ला समन्वय समितिको सिफारीस पत्र |
| च | मुश्लीम | सम्बन्धित जिल्ला प्रशासन कार्यालय |
| छ | विपन्न खस आर्य | सम्बन्धित जिल्ला प्रशासन कार्यालय |
| ज | अन्य अन्तर्गतका अल्पसंख्यक, सिमान्तकृत, पिछडा वर्ग, लैङ्गिक यौनिक तथा अल्पसंख्यक र आर्थिक रुपले विपन्न खस आर्य | सम्बन्धित जिल्ला प्रशासन कार्यालय |
| झ | शिक्षक/कर्मचारी | शिक्षक/कर्मचारी कोटामा दावी गर्ने परिक्षार्थीले त्रि.वि.को स्थायी सेवामा कार्यरत सम्बन्धित शिक्षक/कर्मचारीको छोराछोरी हो भन्ने प्रमाणित हुने गरी सम्बन्धित कार्यालयले गरिदिएको सिफारिस पत्र अनिवार्य रुपमा पेश गर्नुपर्नेछ। |

ठ) आरक्षण कोटामा दावी गर्ने परीक्षार्थीहरुले भर्ना हुनका लागि प्रवेश परीक्षामा कम्तिमा ४०% अंक प्राप्त गरेको हुनुपर्नेछ।

ड) आरक्षण कोटामा दावि गर्ने परीक्षार्थीले त्रिभुवन विश्वविद्यालय वा अन्य कुनै पनि आङ्गिक क्याम्पसमा एकै समयमा कुनै पनि तह र कुनै पनि विषयमा आरक्षण कोटा प्राप्त नगरेको हुनु पर्नेछ। साथै कुनै परीक्षार्थीले अन्य विषयमा स्नातक तहमा आरक्षण प्राप्त गरी सो तह अध्ययन गरेको भए आरक्षण सुविधा प्राप्त गर्ने छैन।

त्रिभुवन विश्वविद्यालय कानून संकाय डीनको कार्यालय

डीन
कानून संकाय

ढ) आरक्षण कोटामा दावी गर्ने परीक्षार्थीले झुठो विवरण पेश गरी आरक्षण सुविधा लिई भर्ना भएको प्रमाणित भएमा त्यस्तो भर्ना स्वतः रद्द गरी कानून बमोजिम कारवाही हुनेछ ।

ण) आरक्षण कोटामा सुविधा पाई भर्ना हुन सफल परीक्षार्थीहरुले पनि खुल्ला तर्फका परीक्षार्थीहरुले सरह भर्ना हुन लाग्ने सबै शुल्क तिर्नु पर्नेछ ।

१४) **प्रवेश परीक्षाको समयावधि ३ घण्टाको हुनेछ । परीक्षा शुरु भएको आधा घण्टापछि प्रवेश पाइने छैन ।**

१५) **प्रवेश परीक्षाको माध्यम अंग्रेजी वा नेपाली दुबै हुन सक्नेछ तर रचनात्मक लेख (<u>Creative Writing</u>) अनिवार्यरुपमा अंग्रेजी (<u>English</u>) भाषामा लेख्नु पर्ने छ ।**

१६) **परीक्षार्थीहरुले उत्तरपुस्तिकामा कालो मसी मात्र प्रयोग गर्नु पर्नेछ । कालो मसी बाहेक आंशिक वा पुरा रुपमा अन्य रङ्को मसी वा सिसाकलम प्रयोग गरेको, कुनै संकेत भएको, बस्तुगत प्रश्नको उत्तरपुस्तिकामा तोकिएको बक्समा तोकिएको रेजा √ चिन्हबाहेक अन्य चिन्ह प्रयोग भएको वा पोतिएको पाईएमा पुरै उत्तरपुस्तिका परीक्षण गरिने छैन ।**

१७) परीक्षार्थीहरुले आवेदन फाराम भर्नु पूर्व यो सूचना तथा आवेदन फाराममा उल्लेखित निर्देशनहरु ध्यानपूर्वक अध्ययन गरेर मात्र फाराम भर्नु पर्नेछ । तोकिए बमोजिम फारम नभरी व्यहोरा तलमाथि भएमा सो को जिम्मेवारी सम्वन्धित परीक्षार्थी स्वयं हुनुपर्नेछ । रीत नपुगेको **<u>साथै नपुग कागजातहरु पछि पेश गर्ने शर्तमा आवेदन फारम स्वीकार गरिने छैन ।</u>**

१८) चार सिमेष्टर एल्एल्.एम्.कार्यक्रमको कक्षा दिवा समुहमा र छ सिमेष्टर एल्एल्.एम. कार्यक्रमको कक्षा विहानी समुहमा सञ्चालन हुनेछ । दिवा समुह भन्नाले नेपाल सरकारले तोकेको कार्यालय समय **पुर्वान्ह दश बजे देखी अपरान्ह पाँच बजे (कार्तिक १६ गते देखी माघ १५गते सम्मपुर्वान्ह दश बजे देखी अपरान्ह चार बजे)** सम्मको समयलाई जनाउने छ ।

१९) प्रवेश परीक्षाको नतिजा प्रकाशित गर्दा दुबै कार्यक्रमका लागि प्रवेश परीक्षामा हासिल गरेको अंकको योग्यताक्रम (Merit List) को आधारमा आरक्षण कोटा समेत खुल्ने गरी कम्तिमा ४० प्रतिशत र सो भन्दा माथि अंक प्राप्त गर्ने सम्पूर्ण परीक्षार्थीहरुको प्राप्तांक सहितको एउटै नामावली प्रकाशित गरिनेछ र सो को जानकारी भर्नाको प्रयोजनका लागि सम्बन्धित क्याम्पसहरुमा पठाईनेछ । यसरी योग्यताक्रम (Merit List)प्रकाशित

त्रिभुवन विश्वविद्यालय कानून संकाय डीनको कार्यालय

डीन
कानून संकाय

गर्दा प्रवेश परीक्षामा बराबर अंक ल्याउने विद्यार्थीहरुको योग्यताक्रम (Merit List) निम्नानुसार निर्धारण गरिने छ ।

क) प्रवेश परीक्षाको विषयगत (Subjective) उत्तरपुस्तिकामा हासिल गरेको प्राप्ताङ्क

ख) स्नातक तहमा विधिशास्त्र विषयको प्राप्ताङ्क

ग) स्नातक तहमा प्राप्त कुल प्राप्ताङ्कको प्रतिशत वा CGPA

घ) त्रि.वि.बाट कानून स्नातक तह उत्तिर्ण भएका परीक्षार्थी

२०) प्रवेश परीक्षाको नतिजामा योग्यताक्रम (Merit List) मा रहेका परीक्षार्थीहरुले मात्र आफूले अध्ययन गर्न चाहेको क्याम्पसमा अध्ययन गर्न चाहेको कार्यक्रममा तोकिएको मिति र समय भित्र निवेदन दिनु पर्नेछ । सम्बन्धित क्याम्पसले तोकिएको मिति र समय सम्म आवेदन दिने सम्पूर्ण आवेदकहरुको नामावली प्रकाशित गरी सोको जानकारी भर्ना अगाडि नै तत्काल कानून संकाय, डिनको कार्यालयलाई उपलब्ध गराउनु पर्नेछ ।

२१) सम्बन्धित क्याम्पसहरुले आफूले भर्ना गरेका सम्पूर्ण विद्यार्थीहरुको विवरण भर्ना प्रक्रिया पूरा भएको मितिले १५ दिनभित्र डीन कार्यालयमा उपलब्ध गराउनु पर्नेछ ।

२२) क्याम्पसले नियमानुसार भर्ना नगरेको कुराको उजुरी वा जानकारी डीन कार्यालयलाई प्राप्त हुन आएमा छानबीन गर्ने अधिकार डीन कार्यालयलाई हुनेछ । छानबिनबाट नियम विपरित भर्ना भए गरेको पुष्टी भएमा त्यस्तो भर्ना स्वतः रद्द हुनेछ । यसरी भर्ना रद्द भई रिक्त हुन आएको स्थानमा नियमानुसार भर्नाका लागि डीन कार्यालयले निर्देशन दिनेछ । भर्ना रद्द हुने विद्यार्थीले बुझाएको सम्पूर्ण शुल्क सम्बन्धित क्याम्पसले अविलम्वफिर्ता गर्नु पर्नेछ ।

२३) प्रवेश परीक्षा सम्वन्धी कुनै पनि विषयमा परीक्षा समितिको निर्णय अन्तिम हुनेछ ।

२४) नेपाल सरकार शिक्षा मन्त्रालयद्वारा वितरण हुने छात्रवृत्तिको प्रयोजनका लागि गरिने छनौटमा समेत यसै प्रवेश परीक्षाको नतिजालाई आधार मानिनेछ ।

२५) प्रवेश परीक्षा तथा भर्ना सम्वन्धी अन्य विस्तृत जानकारी यस संकाय एवं सम्बन्धित क्याम्पसहरुबाट प्राप्त गर्न सकिनेछ ।

त्रिभुवन विश्वविद्यालय
कानून संकाय
डीनको कार्यालय

डीन
कानून संकाय

२६) परीक्षार्थीहरुले Online आवेदन फाराम भर्नुपूर्व यो सूचना तथा आवेदन फाराममा निर्देशित गरिएका निर्देशनहरु ध्यानपूर्वक अध्ययन गरेर मात्र फाराम भर्नु पर्नेछ ।

## परीक्षार्थीहरुले परीक्षा दिँदा अनिवार्य रुपमा पालना गर्नु पर्ने कुराहरु :

- परीक्षार्थीले परीक्षा अवधिभर आफ्नो प्रवेश पत्र अनिवार्य रुपमा साथमा राख्नु पर्नेछ । प्रवेश पत्र विना परीक्षार्थीलाई परीक्षामा बस्न दिइने छैन ।
- परीक्षा शुरु भएको आधा घण्टा पछि कुनै पनि परीक्षार्थीलाई परीक्षा हलमा प्रवेश गर्न दिइने छैन । साथै परीक्षा प्रारम्भ भएको एक घण्टा अगावै परीक्षार्थीले परीक्षा भवन छाड्न पाइने छैन ।
- परीक्षार्थीले तोकिएको सिटप्लान अनुसार निर्धारित स्थानमा बसी परीक्षा दिनु पर्नेछ । केन्द्राध्यक्ष वा निरीक्षकको अनुमति विना आफ्नो सिट स्वेच्छाले हेरफेर गर्न पाइने छैन ।
- परीक्षार्थीले परीक्षा भवनमा निषेधित बस्तुहरु (Mobile Phone, Calculator, Blutooth, I-Pad, Tablet PC, Earphones, Smart Watch) जस्ता कुनै पनि Electronic / Digital उपकरणहरु ल्याउन पाउने छैन, यदि साथमा राखेको पाइएमा वा परीक्षा सञ्चालन कार्यमा खटिएका कुनै पनि व्यक्तिहरु उपर परीक्षार्थीले अभद्र व्यवहार गरेमा केन्द्राध्यक्षले त्यस्ता परीक्षार्थी उपर कारवाही गर्नुका साथै परीक्षा हलबाट तुरुन्त निष्काशन गर्न सक्नेछन् ।
- सरुवा रोगी, अस्वस्थ वा अपाङ्गता भएका परीक्षार्थीले परीक्षा प्रारम्भ हुनु भन्दा एक घण्टा अगावै आफ्नो वास्तविक परिस्थिति बारे केन्द्राध्यक्षलाई लिखित जानकारी गराउनुपर्नेछ । दृष्टिविहिन वा हातले लेख्न नसक्ने परीक्षार्थीले लेख्ने काममा सहयोगी राख्न पाऊँ भनी सम्बन्धित केन्द्राध्यक्षलाई अनुरोध गरेमा स्थितिको अध्ययन गरी सम्बन्धित परीक्षा भन्दा कम्तिमा एक तह मुनि अध्ययनरत व्यक्तिलाई सहयोगी लेखकको रुपमा राख्न अनुमति दिन सक्नेछ ।
- उत्तरपुस्तिकामा रोल नं नलेखि खाली छाडेमा त्यस्ता परीक्षार्थीको उत्तरपुस्तिका रद्द हुनेछ ।

२७) यो सूचना कानून संकायको वेवसाइट www.fol.edu.np मा हेर्न सकिनेछ ।

मितिः २०८०/१२/१४

(डा. कृष्ण प्रसाद बस्याल)
डीन डीन
कानून संकाय

त्रिभुवन विश्वविद्यालय
कानून संकाय
डीनको कार्यालय